**नेपाल बार एशोसिएशन**

रामशाहपथ, काठमाडौं
फोन नं. : ९७७-१-४२००८३७
फ्याक्स नं. : ९७७-१-४२००८३९
इमेल : neba@nepalbar.org.np
वेब : www.nepalbar.org.np


प.सं.

मितिः २०७९ असोज ३ गते ।


केन्द्रीय कार्यसमिति
(२०७९-२०८२)

अध्यक्ष
वरिष्ठ अधिवक्ता गोपाल कृष्ण घिमिरे

उपाध्यक्ष
अधिवक्ता हर्क बहादुर रावल
अधिवक्ता वीरेन्द्र के.सी.
अधिवक्ता पशुपति भण्डारी
अधिवक्ता सुरज खत्री
अधिवक्ता तुलाराम गिरी
अधिवक्ता उत्तम प्रसाद आचार्य
अधिवक्ता सुधिर कुमार कर्ण
अधिवक्ता आशा राई

महासचिव
अधिवक्ता अन्जिता खनाल

कोषाध्यक्ष
अधिवक्ता भरत बहादुर राउत

सचिव
अधिवक्ता निर्भयराज पौडेल

सदस्यहरु
अधिवक्ता शर्मिला थापा विष्ट
अधिवक्ता भरत कुमार लकाई
अधिवक्ता देवी प्रसाद कोईराला
अधिवक्ता किरण कुमारी साह
अधिवक्ता नारायण दास राई
अधिवक्ता नरेश कुमार साह
अधिवक्ता सन्तोष कुमार राउत
अधिवक्ता गुणराज आचार्य
अधिवक्ता रुप बहादुर सारु
अधिवक्ता जीतेन्द्र बहादुर मडै
अधिवक्ता विनिता नेपाली
अधिवक्ता सीता पौड्याल
अधिवक्ता सन्तोष तिवारी


# संविधान दिवसको अवसरमा नेपाल बार एशोसिएशनद्वारा जारी शुभकामना

संविधानसभामार्फत् संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान प्राप्त गर्ने नेपाली जनताको २००७ सालदेखिको आकाङ्क्षा नेपाली जनताले पकट-पटक गरी आएको ऐतिहासिक सबै जनआन्दोलन एवम् संघर्ष समेतको त्याग र बलिदानीको उपज नेपालको पहिलो संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संविधान (२०७२) जारी भएको अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाईहरुमा हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

ऐतिहासिकरुपमा नेपाली जनताबाट निर्वाचित जन प्रतिनिधिबाट संविधान सभामार्फत् निर्माण भई २०७२ साल असोज ३ गते अर्थात् आजकै दिन जारी भएको नेपालको संविधान कार्यान्वयनको महत्वपूर्ण सात वर्ष पुरा भएको छ । यो महत्वपूर्ण घडीमा नेपाल बार एशोसिएशनका मूल आधारहरु १) लोकतन्त्र, २) मानवअधिकार, ३) विधिको शासन, ४) स्वतन्त्र, सक्षम तथा जन उत्तरदायी न्यापालिकाका लागि निरन्तर क्रियाशील भई सदा-सर्वदा सतिसाल झैँ खडा रहने प्रतिवद्धता समेत जाहेर गर्दछौं ।

न्यायमा सहज र सरल पहुँच, स्वतन्त्र, निष्पक्ष, सक्षम र निर्भिक न्यायलय, न्यायपालिकाप्रतिको जनआस्था अभिवृद्धि, मर्यादित र व्यवसायिक बार एशोसिएशन, छिटो छरितो र स्वच्छ न्याय, विकृति विसंगतीमुक्त अदालत, मर्यादित एवम् दक्ष न्यायकर्मी र कानून व्यवसायीजस्ता विषय हामी सबैका आधारभूत मान्यता हुन । नेपाल बार एशोसिएशनको आफ्नो स्थापनाकालदेखि नै यिनै मूल्य-मान्यताका लागि मानवअधिकारको संरक्षण तथा सम्वर्द्धन, संवैधानिक सर्वोच्चता, कानूनी शासन, नागरिक स्वतन्त्रता, पूर्ण प्रेस स्वतन्त्रता र आवधिक निर्वाचनजस्ता विषयका पक्षमा सदा-सर्वदा दृढतापूर्वक उभिँदै आएको गौरवशाली ईतिहाँस र वर्तमान छ । नेपालको संविधानमा लिपिवद्ध र प्रत्याभूत मौलिक हक, अधिकारको पूर्ण कार्यान्वयन गरी संविधानले आत्मसाथ गरेको आर्थिक समानता, समृद्धि र सामाजिक न्यायको सुनिश्चितता सहित समानुपातिक, समावेशी र सहभागिताका आधारमा समतामूलक समाजको निर्माणमा एकाकार भई लोकतान्त्रिक मूल्य र मान्यतामा आधारित समाजबाद उन्मुख राज्य व्यवस्थाको परिकल्पनालाई साकार पार्नु हामी सबैको साझा दायित्व हो । यस क्षणमा संविधानले आत्मसाथ गरेको लोकतन्त्र, गणतन्त्र, संघीयता, धर्मनिरपेक्षता एवम् समानुपातिक समावेशिताको रक्षा र प्रदत्त मौलिक हकको पूर्ण कार्यान्वयन गर्न गराउन नेपाल सरकार, सम्बद्ध पक्ष लगायत सरोकारवाला थप जिम्मेवार र जवाफदेही बन्न जरुरी ठान्दछौं ।

आजको विशेष दिनले हामी सबैमा विशेष किसिमको उर्जा, हौसला र प्रेरणा प्रदान गरी विधिको शासन र संवैधानिक सर्वोच्चता कायम होस साथै संविधानप्रदत्त मौलिक हक, अधिकारको पूर्ण प्रत्याभूती आम नागरिकले प्राप्त गरुन भन्ने कामना समेत गर्दछौं ।

... ... ... ... ... ...
अन्जिता खनाल, अधिवक्ता
महासचिव